# बालकोष सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मिति : २०८१/०३/०७

**प्रस्तावना**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (ग), २९ र दफा ७० अनुसार नलगाड नगरपालिका भित्रका अति विपन्न, असहाय, आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारियारिक पुर्नस्थापना गर्न वाञ्छनीय भएकोले,

यस नगरपालिकाले बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि बालकोष स्थापना गर्न यो कार्यविधि निर्माण गरेको हो । स्थानीय तहमामा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्ने छ । नलगाड नगरपालिका र यस अर्न्तगतका वडाहरूले बालकोषको स्थापना गर्ने छन् । बाल कोषको प्रभावकारी सञ्चालन तथा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को मातहतमा रही नलगाड नगरपालिकाद्वारा बालकोष सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम "बालकोष सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट पारित भएपछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्दछ ।

(२) "जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले यसै कार्यविधिको दफा ११ मा उल्लेख भएका बालबालिकालाई सम्झनुपर्दछ ।

(३) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्झनुपर्दछ ।

(४) "नगर कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(५) "कार्यालय" भन्नाले नलगाड नगरपालिकाको कार्यालय र यसका सबै वडा कार्यालयलाई सम्झनुपर्दछ ।

(६) "बालकोष सञ्चालक समिति" भन्नाले यसै कार्यविधिको दफा ५ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

(७) "बालअधिकार समिति" भन्नाले स्थानीय वा वडा बालअधिकार समितिलाई सम्झनुपर्छ ।

(८) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ तथा नगरपालिकाको बालअधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ को दफा १३ बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ ।

(९) समाजसेवी तथा बालमनोविज्ञ भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ तथा नगरपालिकाको बालअधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ को दफा १५ बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ ।

**३. बालकोषको उद्देश्य**

(१) जोखिमको अवस्थामा रहेका बालबालिकाको उद्दार, राहत पारिवारिक पुर्नस्थापनामा सघाउने ।

(२) जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई आवश्यक मनोविमर्श तथा स्वास्थ्य उपचार सहयोग तथा अन्यत्र सिफारिसको लागि सहयोग गर्ने,

(३) जोखिम अवस्थामा रहेका बालबालिकाहरूको बालअधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्ने,

(४) बालविवाह, बालश्रम जस्ता कुप्रथा, हिंसा दुर्व्यवहार, शोषणमा रहेका बालबालिकालाई सहयोग गर्ने,

(५) विशेष संरक्षणको आवश्यकत्ता भएका बालबालिकालाई थप सहयोगका लागि सम्बन्धित निकायमा प्रेषण गर्ने,

(६) बालबालिकाको घटना व्यवस्थापन प्रक्रियालाई सघाउने ।

## ४. कोषको स्थापना

(१) जोखिम वा आपतकालिन वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल तथा दीर्घकालिन सहयोग, उद्धार, स्वास्थ्य उपचार र पुर्नस्थापना सहितको सहयोगका लागि नगरपालिका र प्रत्येक वडा स्तरमा बालअधिकार समितिमा एक "बालकोष" रहने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्,

(क) पालिका स्तरीय बालकोषको हकमा

(१) संघीय सरकारले बालकोषमा जम्मा गर्न पठाएको रकम,

(२) प्रदेश सरकारले बालकोषमा जम्मा गर्न पठाएको रकम

(३) नगरपालिकाले बालकोषमा जम्मा गर्न पठाएको रकम

(४) नगरपालिकाका वडाहरूले यस कोषमा जम्मा गर्न पठाएको रकम,

(५) विभिन्न संघसंस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(६) बालकोषको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सङ्कलन गरिएको रकम,

(७) नगरपालिकाको अक्षयकोषबाट ब्याज स्वरुप प्राप्त भएको रकम,

(८) सार्वजनिक पदमा रहेका व्यक्तिले आफ्नो पारिश्रमिक वा सुविधाबाट स्वेच्छिक रुपमा जम्मा गरेको रकम,

(९) नगरपालिकाको निर्णय लगायत अन्य श्रोतबाट जम्मा हुन आएको रकम आदी ।

(ख) वडा स्तरीय बालकोषको हकमा,

(१) संघीय सरकारले नगरपालिकालाई बालकोषमा जम्मा गर्न पठाएको रकमको ७० प्रतिशतको हुन आउने रकमको दामासाहीले प्रत्येक वडामा छुट्याएको रकम,

(२) प्रदेश सरकारले नगरपालिकालाई बालकोषमा जम्मा गर्न पठाएको रकमको ७० प्रतिशतको हुन आउने रकमको दामासाहीले प्रत्येक वडामा छुट्याएको रकम,

(३) नगरपालिकाले वडा बालकोषमा जम्मा गर्न पठाएको रकम,

(४) नगरपालिकाका वडाहरूले आफ्नो कोषमा जम्मा गर्न पठाएको रकम,

(५) विभिन्न संघसंस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(६) बालकोषको लागि विभिन्न कार्यक्रम सञ्चालन गरी सङ्कलन गरिएको रकम,

(७) नगरपालिकाको अक्षयकोषबाट ब्याज स्वरुप प्राप्त भएको रकमको ६० प्रतिशतको हुन आउने रकमको दामासाहीले प्रत्येक वडामा छुट्याएको रकम,

(८) सार्वजनिक पदमा गरेका व्यक्तिले आफुले चाहेको अवस्थामा पारिश्रमिक वा सुविधाको स्वेच्छिक रुपमा जम्मा गरेको रकम,

CamScanner

(९) नगरपालिका वा वडाबाट निर्णय गरी जम्मा हुन आएको अन्य रकम आदी ।

## ५. बालकोष सञ्चालक समितिको गठन तथा सञ्चालन

पालिका स्तरीय बालकोष सञ्चालनको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ र यस नगरपालिकाको बालअधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ अर्न्तगतको स्थानीय बालअधिकार समिति नै पालिका स्तरीय बालकोष सञ्चालक समितिको रुपमा रहनेछ भने वडाहरूमा सञ्चालित बालकोषको हकमा नगरपालिकाको बालअधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ अर्न्तगत गठित वडा बालअधिकार समिति नै सञ्चालक समितिको रुपमा रहनेछ ।

## ६. खाताको सञ्चालन

(क) पालिकास्तरीय बालकोष खाता सञ्चालन : पालिका स्तरीय बालकोष खोल्नको लागि स्थानीय बालअधिकार समितिको बालकोषको खाता खोल्ने वा सञ्चालन गर्ने निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्न सक्नेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुबै प्रकारको खाता खोल्न सकिनेछ । खाता सञ्चालन स्थानीय बालअधिकार समितिको संयोजक, नगरको लेखा हेर्ने कर्मचारी र सदस्य सचिव मध्ये कुनै दुईको संयुक्त हस्ताक्षरमा चल्ने गरी खाता सञ्चालन गर्न सकिनेछ ।

(ख) वडास्तरीय बालकोष खाता सञ्चालन : वडा स्तरमा बालकोष खोल्नको लागि वडा बालअधिकार समितिको बालकोषको खाता खोल्ने वा सञ्चालन गर्ने निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्न सक्नेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुबै प्रकारको खाता खोल्न सकिनेछ । खाता सञ्चालन वडा बालअधिकार समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ । आवश्यकताको आधारमा नगर वा वडामा कार्यरत लेखा कर्मचारीको सहयोग लिन सकिनेछ ।

## ७. बालकोष सञ्चालकका लागि सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

(१) आपतकालिन वा जोखिम अवस्थामा रहेका बालबालिकाहरू, बालविवाह गरी जोखिममा रहेको र बालश्रमको कारणले जोखिममा रहेको पहिचान गरी तिनीहरूको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलन गर्ने गराउने,

(२) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(३) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(४) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा प्रतिव्यक्ति बढिमा रु १०,००० सम्म सामग्री वा नगद सहयोग गर्ने,

(५) स्वीकृत कार्यक्रम प्रभावकारी कार्यान्वयन भएनभएको तथा सहयोग प्राप्त बालबालिकाको जीवन सुधार प्रगतिको सम्बन्धमा अनुगमन गर्ने,

(६) बालकोष सञ्चालनको सम्बन्धमा स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिले दिएको सल्लाह सुझावहरूलाई पालना गर्ने,

(७) बालबालिकाको सहयोगको लागि विभिन्न निकाय तथा संघसंस्थासँग समन्वय गर्ने,

(८) सहयोग गरिएका बालबालिकाहरूको र सहयोगी संस्थाको विवरण अद्यावधिक गरी राख्ने,

(९) बालकोषको रकम वृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,

(१०) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण स्थानीय बालअधिकार समिति तथा सम्बन्धित वडा बालअधिकार समितिमा पेश गर्ने,

विनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उम्वर बहादुर रावत
नगर प्रमुख

(११) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक थप कामहरू गर्ने,

८. **समितिले तपशिल बमोजिमका गर्न नहुने कार्यहरू**

(१) बालकोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्ने,

(२) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्ने,

(३) पहुँच, शक्ति र भागबण्डाका आधारमा बालकोषको रकम बाँडफाँड तथा सहयोग गर्ने कार्य आदि ।

९. **सञ्चालक समितिको बैठक**

आपतकालिन अवस्थाका बालबालिकाहरूको संरक्षणको लागि स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

(क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको जेष्ठ नागरिक वा सहभागी सदस्यहरूको सहमतिमा तोकेको व्यक्तिले गर्नेछ,

(ग) समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ,

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ ।

१०. **सञ्चालक समितिको सम्पर्क स्थान**

बालकोष सञ्चालनको लागि नगरपालिकामा स्थानीय बालअधिकार समिति र वडाहरूमा वडा बालअधिकार समितिको कार्यालयमा सचिवालय रहनेछ । खाताको सञ्चालन तथा व्यवस्थापन नगरपालिकामा बाल कल्याण अधिकारी तथा वडाहरूमा वडा बालअधिकार समितिको सदस्य सचिवको रुपमा कार्यरत व्यक्तिले गर्नेछ ।

११. **आपतकालिन एवं जोखिम अवस्थाका बालबालिका अर्न्तगत देहायका बालबालिका पर्दछन्**

(१) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ४८ मा उल्लेख गरिएका,

(२) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका,

(३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,

(४) अपाङ्गतामा भएका,

(५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

(६) हिंसाबाट प्रभावित एवं पीडित भएका,

(७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

(८) ऋणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रममा लगाई पीडित भएका,

(९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका,

(१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

(११) मानसिक समस्यामा परेका, सुस्त मनस्थिति भएका,

(१२) अपहरण वा शरिर बन्धकमा परेका,

(१३) सडक बालबालिका,

डम्बर बहादुर रावल
नगर प्रमुख

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर रावत
नगर प्रमुख

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश नेपाल २०७३

(१४) एच.आई.भि.संक्रमित तथा प्रभावित,
(१५) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
(१६) बालविवाह गरी विद्यालय छोडेका वा अन्य जोखिममा रहेका,
(१७) बालश्रममा संलग्न र बालश्रममा जानसक्ने जोखिममा भएका,
(१८) बाबु अथवा आमा एक मात्र भएको र आर्थिक अवस्था कमजोर भएका,
(१९) स्थानीय बालअधिकार समितिले तोकेका अन्य ।

**१२. बालकोषको खर्च तथा परिचालन**

(१) आपतकालिन अथवा जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्न,
(२) आपतकालिन अथवा जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई राहत तथा खाद्यान्न उपलब्ध गराउन,
(३) आपतकालिन अथवा जाखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्न,
(४) आपतकालिन अथवा जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई आवश्यक मनोसामाजिक सहयोग तथा स्वास्थ्य उपचार सहयोग गर्न,
(५) आपतकालिन अथवा जोखिम अवस्थामा रहेका बालबालिकाहरूको बालअधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्न,
(६) बालविवाह भई जोखिममा परेका बालबालिकाहरूलाई सहयोग गर्न,
(७) बालश्रममा रहेका वा बालश्रममा जाने जोखिममा भएका बालबालिकालाई सहयोग गर्न,
(८) विशेष संरक्षणको आवश्यक्ता रहेका वा आपतकालिन बालबालिकाहरूलाई थप उपचारका लागि सम्बन्धित निकायमा प्रेषण गर्न,
(९) बालबालिकाको घटना व्यवस्थापन प्रक्रियालाई सघाउन,
(१०) आपतकालिन अथवा जोखिम अवस्थामा रहेका बालबालिकालाई निरन्तर विद्यालय जानको लागि शैक्षिक सामग्रीहरू सहयोग गर्न,
(११) अपाङ्गता भएका बालबालिकाहरूका लागि आवश्यक प्रविधिगत शैक्षिक सामग्रीहरू उपलब्ध गराउन ।

**१३. सहयोगको लागि निवेदन दिन सक्ने**

कार्यविधिको बुँदा नं. १२ उल्लेख गरिएका बालबालिकाहरूको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी बालअधिकार समितिमा यस नलगाड नगरपालिकामा बसोबास गर्ने र वडाको हकमा सम्बन्धित वडाको वडा बालअधिकार समितिमा सम्बन्धित वडामा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**१४. सहयोग दिने प्रक्रिया**

प्राप्त निवेदनको आधारमा स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिले प्राथमिकताको आधारमा सहयोगको लागि निर्णय गरी सहयोग प्रदान गर्नेछ । तत्काल आवश्यकता रहेका बालबालिकाहरूलाई सहयोग गर्नु पर्ने अवस्थामा बालबालिकाहरूलाई तत्काल बालकोषको खाताबाट सहयोग प्रदान गरिनेछ र प्रदान गरेको सहयोगलाई आगामी दिनको पहिलो बैठकबाट सहयोग गरिएको रकमलाई समितिको निर्णयबाट अनुमोदन गर्नु पर्नेछ ।

**१५. प्रगति प्रतिवेदन**

डम्बर बहादुर रावत
नगर प्रमुख

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

डम्बर बहादुर रावत
नगर प्रमुख

स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिको सदस्य सचिवले बालकोषबाट सहयोग गरेका बालबालिकाहरूको विवरण, बालकोषको आयव्यय विवरण सहितको विस्तृत प्रतिवेदन तयार गरी वार्षिक कार्यप्रगति विवरण स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिमा एक/एक प्रति पेश गर्नुपर्नेछ। वडा बालअधिकार समितिले वार्षिकरुपमा एक प्रति स्थानीय बालअधिकार समितिमा पेश गर्नु पर्नेछ।

**१६. कोषको रकम रोक्का नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**१७. अन्य खर्च**

कोषको सञ्चालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बाल उद्धार गर्ने क्रममा हुने यातायात खर्च गर्न सक्नेछ।

**१८. लेखा परीक्षण**

नगरपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आयव्ययको विवरणको लेखापरीक्षण गराउनुपर्नेछ।

**१९. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्यविधिको व्याख्या र संशोधन कार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ। कार्यविधिमा उल्लेख भएका विषयहरू नेपाल सरकारको प्रचलित कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**२०. कोष खारेज हुन सक्ने अवस्था**

कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरू सहित सञ्चालक समितिको निर्णयार्थ सिफारिसले नगरकार्यपालिकाले बालकोष खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम स्थानीय बालअधिकार समितिको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर रावत
नगर प्रमुख